तपाईंले स्थानीय तह, घरेलु वा अन्य कार्यालयमा व्यवसाय दर्ता गरेको तर **स्थायी लेखा नम्बर (PAN) लिन बाँकी** छ कि !

कर कार्यालयबाट व्यावसायिक **स्थायी लेखा नम्बर (PAN) लिएको तर आय विवरण बुझाउन बाँकी** छ कि !

मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको तर **मू.अ. कर विवरण (मास्केवारी) पेश गर्न बाँकी** पो छ कि !

*कर चुक्ता गर्ने सुवर्ण अवसर आयो है !*

*शुल्क र ब्याजमा व्यापक छुट छ !*

**शुल्क १००% छुट**

**ब्याज ७५% सम्म छुट**

**आजै विवरण र कर दाखिला गरी मौकाको सदुपयोग गरौं ।**

यो सहुलियत संवत् २०८१ फागुन मसान्तसम्म मात्र कायम रहने छ ।

*आर्थिक विधेयक, २०८१ को दफा २६ मा भएको व्यवस्था*

## ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिलाई मू.अ.कर मिनाहा



**१% मात्र लाग्ने**

(१) मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नुपर्ने ढुवानी साधनको भाडा तथा ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिले संवत् २०७६ साल जेठ १५ गतेदेखि संवत् २०७८ साल जेठ १४ गतेसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई वा नभई मूल्य अभिवृद्धि करयोग्य कारोबार गरी कर सङ्कलन नगरेको भए सो कारोबार रकमको **एक प्रतिशतले हुने रकम** संवत् २०८१ साल मंसिर मसान्त सम्म **दाखिला गरेमा सोमा लाग्ने बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा** हुनेछ।

(२) उपदफा (१) बमोजिमको कारोबारमा कर निर्धारण भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई कारोबार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मंसिर मसान्तसम्म दाखिला गरेमा **बाँकी कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिवाना मिनाहा** हुनेछ।



*आर्थिक विधेयक, २०८१ को दफा २४ मा भएको व्यवस्था*

## मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुट

संवत् २०८० साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफुले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने **जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा** हुनेछ।




*आर्थिक विधेयक, २०८१ को दफा २३ मा भएको व्यवस्था*

## आय विवरण बुझाउन बाँकी करदातालाई छुट

**शुल्क १००% छुट**

**ब्याज ७५% छुट**

स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चिस प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्त सम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुनेछ ।




**थप जानकारीको लागि:**

फोन नं.: 057-523101, 057-521998, 057-520308

ईमेल: iro18@ird.gov.np

वेबसाईट: https://ird.gov.np/branch/iro-hetauda

फेसबुक पेज:https://www.facebook.com/irohetauda



नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय हेटौंडा, मकवानपुर

# कर सम्बन्धी आधारभूत जानकारी

### व्यावसायिक स्थायी लेखा नम्बर (PAN) दर्ता गर्ने करदाताहरूले जान्नै पर्ने केही विषयहरू:

- स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र र कर पाटी आफ्नो कारोबार स्थलमा सबैले देख्ने ठाउँमा राख्नु पर्दछ।
- **करपाटी:-** आयकरमा दर्ता भएकोले पहेंलो पृष्ठभूमिमा कालो अक्षर, मूल्य अभिवृद्धि करमा समेत दर्ता हुनेले हरियो पृष्ठभूमिमा सेतो अक्षर र मूल्य अभिवृद्धि करमा दर्ता हुनु नपर्ने कारोवार गर्नेले सेतो पृष्ठभूमिमा रातो अक्षरले लेखिएको हुनु पर्दछ र यसको आकार ३० सेन्टिमिटर लम्बाई र १० सेन्टिमिटर चौडाईको हुन्छ।
- खरिद/बिक्री/मौज्दात खाता तयार गरी करदाता स्वयंले आर्थिक वर्षको शुरुमै प्रमाणित गरी राख्नु पर्छ । आफूले गरेको खरिद बिक्री कारोबारको अभिलेख तत्तत् खातामा दैनिक रूपमा राख्नु पर्दछ। साथै कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु आयकरमा मात्र दर्ता हुनेले ५ वर्ष र मू.अ.करमा दर्ता हुनेले ६ वर्षसम्म सुरक्षित राख्नु पर्दछ।
- प्रत्येक बिक्रीमा बीजक (बिल) जारी गर्नु पर्छ तथा खरिद गर्दा समेत बिक्रेताबाट बिजक लिनु पर्छ। बिक्री बीजक प्रत्येक नयाँ आर्थिक वर्षमा १ नं. बाट शुरु भई सिलसिलेवार हुनुपर्दछ।
- प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र (साउन १ गते देखि असोज मसान्त भित्र) मा आय विवरण पेश गर्नु पर्छ। किस्ताबन्दीमा कर दाखिला गर्नु पर्नेले प्रत्येक आय वर्षको पौष, चैत्र र असारमा अनुमानित आय विवरण समेत पेश गर्नुपर्दछ।
- कर्मचारीलाई दिने पारिश्रमिक, ज्याला तथा अन्य भुक्तानीमा अग्रिम करकट्टी गर्नुपर्छ। अग्रिम करकट्टि गरिएको रकम अर्को महिनाको २५ गते भित्र राजस्व दाखिला गरी अनिवार्य रुपमा ETDS समेत गर्नुपर्दछ।
- व्यावसायिक फर्मको शाखा थपघट, उद्देश्य परिवर्तन, ठेगाना परिवर्तन लगायतका कुनै विवरण परिवर्तन भएमा अनिवार्य रुपमा सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा १५ दिनभित्र गराउनु पर्दछ।
- व्यावसायिक कारोबार नभएमा या बन्द भएमा शुरु व्यवसाय दर्ता गरेका सम्बन्धित निकायहरुबाट व्यवसाय खारेजी/लगतकट्टाको प्रमाण लिई यथाशीघ्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा प्यान स्थगनको लागि निवेदन दिनुपर्दछ।

## मूल्य अभिवृद्धि कर (मू.अ.कर) मा समेत दर्ता हुने करदाताहरुले जान्नै पर्ने केही विषयहरुः

- प्रत्येक महिनाको खरिद/बिक्री विवरण, मु.अ. कर विवरण तथा मु.अ. कर रकम समेत अर्को महिनाको २५ गते भित्र अनिवार्य रुपमा दाखिला गर्नुपर्दछ।
- मू.अ.कर ऐन बमोजिम बुझाउनु पर्ने रकम म्याद भित्र दाखिला नगरेमा बुझाउन बाँकी रकममा वार्षिक १५ प्रतिशतका दरले व्याज, सो रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर समेत लाग्नेछ। साथै तोकिएको समयमा कर विवरण पेश नगरेमा बुझाउन बाँकी करको प्रतिदिन ०.०५ प्रतिशत वा प्रति कर अवधि एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम जरिवाना लाग्नेछ।
- मू.अ.कर बीजक जारी गर्दा ३ प्रति तयार गरी सक्कल प्रति प्रापकलाई, दोस्रो प्रति कार्यालय प्रयोजनका लागि र तेस्रो प्रति आफ्नो कारोबार प्रयोजनको लागि छुट्टाछुट्टै अभिलेख राख्नु पर्दछ।

## मदिरा, सुर्ती तथा अन्य अन्त:शुल्कजन्य वस्तुको कारोबार गर्ने करदाताहरुले जान्नै पर्ने केही विषयहरुः

- इजाजतपत्र नलिई कसैले पनि अन्त:शुल्क लाग्ने वस्तुको कारोबार वा अन्त:शुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्नुहुँदैन।
- इजाजतपत्र सबैले देख्ने गरी कारोबारस्थलमा राख्नु पर्नेछ।
- कुनै इजाजतपत्रवालाले तोकिए बमोजिमको दस्तुर दाखिला गरी श्रावण महिना भित्र इजाजत पत्र नवीकरण गराउनु पर्नेछ र उक्त इजाजत पत्रको अवधि १ (एक) आर्थिक वर्षसम्म रहनेछ।
- इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकै पटक नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउन सक्नेछ।
- स्वयं निष्काशन प्रणाली लागू हुने सुर्तीजन्य वस्तु बाहेकका अन्य वस्तुको लागि दिइएको इजाजतपत्र प्रत्येक आ.व. मा नवीकरण गर्नुपर्ने छैन।
- कुनै व्यक्तिले आफ्नो कुल परम्परा एवं संस्कृतिका लागि निजी उपयोग गर्न एक पटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जाँड बनाउन इजाजतपत्र लिन नपर्ने। तर यसरी रक्सी र जाँड वर्षको ६ पटकभन्दा बढी बनाउन पाइने छैन। रक्सी र जाँड बनाउने व्यक्तिले त्यसको सूचना अन्त:शुल्क अधिकृतलाई दिनुपर्दछ।

*आर्थिक विधेयक, २०८१ को दफा २२ मा भएको व्यवस्था*

## करको दायरामा आउनेलाई छुट

(१) कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने **शुल्क तथा ब्याज मिनाहा** हुनेछ ।

(२) उपदफा (१) बमोजिम आय विवरण र सो बमोजिम लाग्ने कर बुझाएमा सोभन्दा अघिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु पर्ने छैन ।



## E-TDS विवरण प्रविष्ट गरी Self Verify गर्ने प्रक्रिया

- **E-TDS गर्ने प्रक्रिया:–**

**(TDS गर्ने फर्म/संस्था/निकायले अनिवार्य प्यान लिई सोही प्यान राखी बैंक भौचर भरेको हुनु पर्ने)**

- वेब ब्राउजर खोली ird.gov.np मा जानेकरदाता पोर्टलमा क्लिक गर्ने E-TDS को देब्रे पट्टिको + संकेतमा क्लिक गर्ने E-TDS मा क्लिक गर्ने।
- सब्मिसन नम्बर लिने फाराम भर्ने, Register मा क्लिक गर्ने।
- ट्रान्स्याकशन भर्नेमा क्लिक गर्ने।
- ट्रान्स्याकशन भर्ने फाराममा भुक्तानी विवरण (पान नम्बर, भुक्तानी मिति, भुक्तानी रकम, टिडिएस रकम, टिडिएस किसिम) भर्ने,Add गर्ने, भुक्तानी पाउने प्रत्येक व्यक्तिको अलग अलग विवरण यसरी नै भर्दै Add गर्दै जाने, सबै विवरण भरेपछि Save मा क्लिक गर्ने । भुक्तानी पाउनेको विवरण धेरै भएमा नमुना फाइल डाउनलोड (Download Sample) गरी नमुना अनुसार विवरण भरे पश्चात् Load Excel File मा गईसो फाइललाई अपलोड गरेर पनि विवरण भर्न सकिन्छ।
- भौचर भर्ने फाराममा गईराजस्व शीर्षक, भौचर नं., तिरेको प्रकार (बैंक), दाखिला मिति, बैंकको नाम, टिडिएस रकम आदि विवरण भरी Add गर्ने। भौचर एक भन्दा बढी भएमा प्रत्येक भौचरको विवरण भरी यसरी नै Add गर्दै जाने। भौचर रिकनसाइल अनिवार्य भएकोले Reconcilled भएको सुनिश्चित गर्ने । कहिलेकाहीँ विविध कारणले प्रविष्ट गरिएको भौचर विवरण र सिष्टममा भएको विवरण मेल नखाई Not Reconcilled देखिन सक्छ त्यस्तो भयो भने निम्नानुसार भौचर सर्च गरी विवरणहरु सही भए नभएको यकिन गर्न सकिन्छ :-

ird.gov.np →करदाता पोर्टल →General →Payment Voucher Search

- **भौचर नं. थाहा नभएको अवस्थामा :-**
- Deposit Slip No., Voucher Date, Amount राखी Search गर्ने।
- **भौचर नं. थाहा भएको अवस्थामा :-**
- Voucher Slip No., Voucher Date, Amount राखी Search गर्ने।
- भौचर भर्ने फाराम भरेपछि ट्रान्स्याकशन भर्ने फाराममा गई Save र Submit गर्ने। सब्मिसन नम्बरलाई सुरक्षित राख्ने।

**E-TDS आफैंले रुजु (Self Verify) गर्ने प्रक्रिया:–**

- E-TDS आफैंले प्रमाणित गर्न User Name र Password को जरुरत पर्दछ। पहिले बनाई सकेको छ भनी त्यही प्रयोग गर्न सकिन्छ, छैन भने ird.gov.np→करदाता पोर्टल→General→Create Password बाट आफैंले बनाउन सकिन्छ। WPAN लिने सरकारी निकायहरुले सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट User Name र Password लिनु पर्दछ।
- वेब ब्राउजर खोली ird.gov.np मा जाने→करदाता पोर्टलमा क्लिक गर्ने →General को देब्रे पट्टिको +संकेतमा क्लिक गर्ने Taxpayer Login मा क्लिक गर्ने →PAN No., User Name (PAN No. नै हुन्छ) र Password राखी लगइन गर्ने।
- Verification मा गई Module मा TDS छान्ने। (WPAN को हकमा TDS Verification मा जाने)
- Submission No. राख्ने र Preview गरी विवरण सही भएको यकिन गर्ने।
- Verify मा क्लिक गर्ने।



## बजार अनुगमन तथा निरीक्षण गर्दा हेरिने विषय बस्तुहरु

- कारोबार गर्दा स्थायी लेखा नम्बर लिए नलिएको,
- स्थायी लेखा नम्बरसहितको दर्ता प्रमाण पत्र कारोबारस्थलमा सबैले देख्ने ठाउँमा राखे नराखेको,
- कारोबारस्थलमा सबैले देख्ने ठाउँमा करपाटी राखे नराखेको,
- अन्तःशुल्कजन्य वस्तु (मदिरा, चुरोट, सुर्ती, गुट्खा) आदिको कारोबार गर्दा इजाजतपत्र लिए नलिएको,
- खरिद खाता, बिक्री खाता तथा मौज्दात खाता राखे नराखेको वा अध्यावधिक गरे नगरेको,
- नियमानुसार बीजक (Bills) जारी गरे नगरेको,
- अन्य

## मू.अ.कर ऐनमा दण्ड/सजाय सम्बन्धी मुख्यमुख्य जानकारी

| कसुरको विवरण | जरिवाना/सजाय |
|---|---|
| दर्ता नभई कारोबार गरेमा वा दर्ता हुन कर अधिकृतले दिएको आदेश पालना नगरेमा | प्रत्येक पटक रू. २० हजार |
| करपाटी नराखेमा | रू. २ हजार |
| बीजक जारी नगरेमा | रु. १० हजार |
| बीजक नलिएमा | रू. १ हजार |
| दर्ता नभएको व्यक्तिले कर उठाएमा | कर बिगोको सत प्रतिशत |
| कारोबारको लेखा नराखेमा / खाता अध्यावधिक नभएमा | रू. १० हजार |
| कारोबार निरीक्षण गर्दा अवरोध गरेमा | रू. २० हजार |
| अनुगमनका क्रममा खातापाता नदेखाएमा | रू. २० हजार |
| विद्युतीय बीजक (इ-बिलिङ) सम्बन्धमा विभागले जारी गरेको कार्यविधि पालना नगरेमा | रू. ५ लाख |
| कर विवरण पेस नगरेमा (महिना समाप्त भएको २५ गतेभित्र पेस गरिसक्नुपर्ने) | रू १ हजार वा लाग्ने करको प्रतिदिन ०.०५% |
| झुट्टा लेखा राखेमा/ फर्जी बीजक जारी गरेमा/अन्य भुट्टा काजगात तयार पारेमा | कर बिगोको १००% जरिवाना वा ६ महिना कैद वा दुवै सजाय |
| खरिद बिक्री खाता स्वयम प्रमाणित गरेको नपाइएमा वा लेखा तोकिएको अवधि सम्म सुरक्षित नराखेमा | रू. १० हजार |